# राष्ट्रिय परीक्षा बोर्डः विगत र वर्तमान

✍जयन्ती सत्याल*

**लेखसार**

तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् राष्ट्रिय परीक्षा बोर्डको रूपमा रूपान्तरित भएको छ । विद्यालय सम्बन्धन, पाठ्यक्रम निर्माण, शिक्षक व्यवस्थापन जस्ता कार्यहरू अन्य निकायले हेर्ने भएकाले अब राष्ट्रिय परीक्षा बोर्ड परीक्षाको गुणस्तर कायम गर्नमा केन्द्रित हुनुपर्ने अवस्था छ । मुलुकको शासकीय संरचना, सङ्घीय शिक्षा नीति र अन्य प्रचलित कानुनबमोजिम बोर्डले परीक्षा प्रणालीलाई सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा योगदान पुऱ्याउनु अहिलेको आवश्यकता हो । यस आलेख तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले प्राप्त गरेका उपलब्धिहरूका अतिरिक्त राष्ट्रिय परीक्षा बोर्डका विद्यमान चुनौती र कार्यदिशामा केन्द्रित छ ।

## पृष्ठभूमि

वि.सं. २०११ (सन १९५४) मा गठन भएको राष्ट्रिय शिक्षा आयोगले उच्च माध्यमिक शिक्षाको अवधारणा प्रकाशमा ल्याएको थियो । त्यसपछि २०४१ साल चैत्र २० गते तत्कालीन श्री ५ को सरकार (मन्त्री परिषद्) बाट गठित विद्यालय स्तरको शिक्षा सुधार कार्य समितिले समेत उच्च माध्यमिक शिक्षा (१०+२) को आवश्यकताबारे सुझाव दिएको र तत्कालीन श्री ५ महाराजधिराज सरकार (श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेव) बाट २०४५ सालमा तत्कालीन राष्ट्रिय पञ्चायतलाई (३९ औं अधिवेशन) दिएको सम्बोधनमा समेत श्री ५ को सरकारले उच्च माध्यमिक शिक्षा कार्यक्रम (१०+२) लागु गर्नेतर्फ अध्ययन गरिरहेको कुरा व्यक्त भएको थियो (कर्ण २०६२) ।

बदलिँदो समयको माग, विश्वमा अपनाइएको शिक्षा प्रणालीअनुरूप नेपालमा पनि राष्ट्रको सर्वपक्षीय उत्थानका निमित्त सशक्त, सिर्जनशील, चिन्तनशील र उत्पादनशील जनशक्ति उत्पादनका निमित्त विद्यालय शिक्षा संरचनामा परिवर्तनको महसुस गरी डा. छविलाल गजुरेलको संयोजकत्वमा गठित कार्यदलले वि.सं. २०४५ साल चैत्र १६ र १७ गते झापामा र २०४६ साल जेठ ३० र ३१ गते काठमाडौंमा शिक्षा क्षेत्रका विज्ञसहित बृहत् गोष्ठी आयोजना गरेको थियो । उक्त गोष्ठीको निष्कर्ष अनुसार २०४६ कार्तिक ११ गते उच्च माध्यमिक शिक्षा ऐन, २०४६ जारी भई २०४६ फागुन १२ गतेदेखि तत्कालीन माननीय शिक्षा तथा संस्कृति मन्त्रीको अध्यक्षतामा १३ सदस्यीय उच्च माध्यमिक शिक्षा परिषद्को गठन भयो (कार्यदल २०५५) ।

*उपनिर्देशक, राष्ट्रिय परीक्षा बोर्ड

अन्तर्राष्ट्रिय स्तरमा १७-१८ वर्ष उमेर समूहका विद्यार्थीहरूको शिक्षण क्रियाकलाप विद्यालय शिक्षाको संरचनामा नै रहने मान्यताअनुरूप दक्षिण एसियाका मुलुकहरूले पनि विद्यालयीय शिक्षालाई १०+२ को स्वरूपमा स्वीकारेको सन्दर्भमा उच्च तह र माध्यमिक तहमा हुनुपर्ने आवश्यक सुधारका लागि राज्यको ध्यान आकर्षित भई परिषद्ले २०४७ सालबाट आफ्ना काम कारबाहीहरूलाई क्रमश: अगाडि बढाउँदै लगेको पाइन्छ ।

वि.सं. २०४९ सालदेखि उच्च माध्यमिक शिक्षाको पाठ्यक्रम निर्माण कार्य सुरु भई २०४९/५० को शैक्षिक सत्रबाट ३८ ओटा विद्यालयमा उच्च माध्यमिक तहको पठनपाठन गराउन सम्बन्धन दिइयो । ती ३८ ओटा विद्यालयबाट वि.सं. २०५० सालको पहिलो परीक्षामा कक्षा ११ मा १३४३ परीक्षार्थी सामेल भएका थिए । वि.सं. २०७३ सम्म आइपुग्दा २३ वर्षमा (शिक्षा ऐन २०२८ को आठौँ संशोधन हुनुपूर्वसम्म) नेपालभरी कुल ३७१६ विद्यालयहरूले उच्च माध्यमिक तहको शिक्षा प्रदान गर्ने सहमति पाएका थिए । ती विद्यालयहरूमा २०७४ सालमा कक्षा ११ मा ३४७७४८ र कक्षा १२ मा २७९९०९ गरी जम्मा ६२६७५७ विद्यार्थीहरूले नियमित परिक्षार्थीका रूपमा परीक्षा दिएका छन् ।

शिक्षा ऐनको (आठौँ संशोधन) अगाडिसम्म उच्च माध्यमिक तहका रूपमा सञ्चालन गरिएका ११ र १२ का कक्षाहरू शिक्षा ऐनको (आठौँ संशोधन) पश्चात् माध्यमिक तह (९-१२) का रूपमा परिभाषित गरिएको छ । तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले विशेषत: कक्षा ११ र १२ सञ्चालनका लागि सम्बन्धन दिएका विद्यालयहरू चार प्रकारका रहेका थिए ।

- सरकारी अनुदान प्राप्त मा.वि.हरू
- निजी क्षेत्रमा सञ्चालित मा.वि.हरू
- निजी क्षेत्रबाट सञ्चालित +२ (कक्षा ११ र १२) मात्र भएका संस्थाहरू
- विश्व विद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित क्याम्पसहरू

तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् उच्च माध्यमिक शिक्षा ऐन २०४६ र उच्च माध्यमिक शिक्षा नियमावली २०५२ अनुसार सञ्चालित थियो । मुख्यत: उच्च माध्यमिक शिक्षाको विकास र विस्तारका लागि विद्यालयहरूलाई सम्बन्धन प्रदान गर्ने, उच्च माध्यमिक तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण एवम् परिमार्जन गर्ने र उच्च माध्यमिक तहको परीक्षा सञ्चालन, नतिजा प्रकाशन एवम् प्रमाणपत्र वितरण गर्ने जस्ता कार्यहरू परिषद्ले गर्दै आएको थियो ।

शैक्षिक सुधारका लागि समय समयमा गठन भएका विभिन्न समितिहरूको प्रतिवेदन र विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) ले समेत १०+२ संरचनामा रहेको उच्च माध्यमिक तहलाई थप व्यवस्थित रूपमा विकास गर्न र परीक्षा प्रणालीमा थप सुधार गर्न राष्ट्रिय बोर्डको परिकल्पना गरेअनुसार नै अन्तत: शिक्षा ऐन (२०२८ आठौं संशोधन) २०७३, मिति २०७३/३/१५ मा प्रमाणीकरण भएपछि उच्च माध्यमिक शिक्षा

परिषद् राष्ट्रिय परीक्षा बोर्डका रूपमा स्थापित भएको छ । जसले गर्दा तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले गर्दै आएका सम्बन्धन प्रदान, पाठ्यक्रम निर्माण, शिक्षक व्यवस्थापन जस्ता कार्यहरू अरू शैक्षिक निकायमा हस्तान्तरण भएका छन् भने राष्ट्रिय परीक्षा बोर्डलाई कक्षा १०, ११ र १२ को परीक्षा प्रणाली सञ्चालन र यसको गुणस्तर विकासको जिम्मेवारी दिएको छ । हाल राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक तहको परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन सम्बन्धी कामकारबाही गरिरहेको छ ।

## कानुनी तथा नीतिगत व्यवस्था

राष्ट्रिय परीक्षा बोर्डका रूपमा रूपान्तरण हुनुअघि उच्च माध्यमिक शिक्षा सभा र उच्च माध्यमिक शिक्षा परिषद्ले उच्च माध्यमिक शिक्षा सम्बन्धी महत्त्वपूर्ण नीतिगत निर्णयहरू गर्ने व्यवस्था रहेको थियो । तत्कालीन उच्च माध्यमिक शिक्षा ऐन २०४६ को दफा ४ (क) अनुसार उच्च माध्यमिक विद्यालयबाट दिइने शिक्षाको गुणस्तर वृद्धि गर्न र त्यस्ता विद्यालयहरूबिच समन्वय कायम गर्न शिक्षा मन्त्रीको अध्यक्षतामा उच्च माध्यमिक शिक्षा सभाको व्यवस्था गरेको थियो भने उच्च माध्यमिक तहमा शिक्षा दिने विद्यालयलाई सम्बन्धन (स्वीकृत) दिने, पाठ्यक्रम निर्माण गर्ने, पाठ्यक्रम लागु गर्ने, पाठ्यपुस्तक तयार गर्ने, कक्षा ११ र १२ को परीक्षा लिने र शैक्षिक प्रमाणपत्र दिने जस्ता कार्यका लागि उच्च माध्यमिक शिक्षा ऐन २०४६ को दफा ५ अनुसार शिक्षा मन्त्रीको अध्यक्षतामा सात सदस्यीय उच्च माध्यमिक शिक्षा परिषद्को व्यवस्था गरिएको थियो । तर शिक्षा ऐन २०२८ (आठौँ संशोधन) पश्चात् माध्यमिक शिक्षाको परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापन गर्न १३ सदस्यीय राष्ट्रिय परीक्षा बोर्ड रहने व्यवस्था रहेको छ ।

शिक्षा ऐनअनुसार बोर्डको नाममा एउटा छुट्टै कोष रहने तथा बोर्ड स्वशासित र सङ्गठित संस्था हुने गरी व्यवस्थापन गरिएको छ । माध्यमिक शिक्षाको कक्षा दस (SEE) को परीक्षा क्षेत्रीय स्तरमा र माध्यमिक तहको अन्त्यमा हुने कक्षा १२ (SLCE) को परीक्षा बोर्डबाट सञ्चालन हुने व्यवस्था गरिएको छ ।

## संरचनागत व्यवस्था

तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् हुँदाकै बखत उच्च माध्यमिक शिक्षा तहको सम्बन्धन, पाठ्यक्रम र परीक्षाका काममा सेवाग्राहीहरूको सहज पहुँचका लागि विभिन्न ११ ओटा सम्पर्क कार्यालयका रूपमा सञ्चालनमा रहेका कार्यालयहरू हाल राष्ट्रिय परीक्षा बोर्डको परीक्षाका कामहरू सम्पादन गरिरहेका छन् ।

राष्ट्रिय परीक्षा बोर्डअन्तर्गतका कार्यालयहरूको विवरण

| क्र.स. | शाखा कार्यालयहरू | सेवा प्रवाह गर्ने जिल्लाहरू |
|---|---|---|
| १. | विराटनगर | ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, सङ्खुवासभा र भोजपुर |
| २. | सिराहा | ओखलढुङ्गा, खोटाङ, उदयपुर, सप्तरी, सिरहा |

| | | |
|---|---|---|
| ३. | जनकपुर | धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली |
| ४. | हेटौडा | मकवानपुर, रौतहट, बारा, पर्सा, चितवन |
| ५. | काठमाडौँ | सोलुखुम्बु, रामेछाप, खोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाडौँ, नुवाकोट, रसुवा, धादिङ |
| ६. | पोखरा | गोरखा, लमजुङ, तनहुँ, स्याङजा, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ |
| ७. | बुटवल | गुल्मी, पाल्पा, नवलपरासी, रूपन्देही, कपिलवस्तु अर्घाखाँची |
| ८. | दाङ | प्युठान, रोल्पा, रुकुम, सल्यान, दाङ |
| ९. | कोहलपुर | बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला |
| १०. | धनगढी | कैलाली, कञ्चनपुर |
| ११. | डडेलधुरा | बाजुरा, बझाङ, अछाम, डोटी, डडेलधुरा, बैतडी, दार्चुला |

राष्ट्रिय परीक्षा बोर्डको भक्तपुरमा रहेको केन्द्रीय कार्यालयमा अध्यक्ष र सदस्य सचिवको सचिवालयसहित कर्मचारी प्रशासन तथा जनशक्ति विकास महाशाखा, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा, अनुसन्धान गुणस्तर तथा शासकीय सुधार महाशाखा र परीक्षा नियन्त्रण कार्यालय रहेका छन् ।

## उपलब्धि

तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्को गठन भएपश्चात् कक्षा ११ र १२ तहका लागि नयाँ सम्बन्धन प्राप्त विद्यालयहरूले गर्दा विभिन्न समस्याले घरभन्दा टाढा क्याम्पसमा गएर अध्ययन गर्न नसक्ने विद्यार्थी र अभिभावकहरूका लागि सहज पहुँच बढ्न गएको थियो । कक्षा ११ र १२ को गुणस्तरीय शिक्षा एवम् सन् १९९३ मा त्रि.वि. र शिक्षा मन्त्रालयबिचको सम्झौताअनुरूप उच्च माध्यमिक शिक्षामा लागु भएको एकलपथ प्रणाली उन्मुख पाठ्यक्रम लागु गर्ने सहमति भएअनुसार अनिवार्य अङ्ग्रेजी विषयको पाठ्यक्रम प्रवीणता प्रमाणपत्रमा समेत लागु गर्नुका साथै विश्वविद्यालयमा रहेको प्रवीणता प्रमाणपत्र तह २०६७ सालबाट पूर्ण रूपमा Phase out हुन पुग्यो । नेपालको शिक्षा प्रणालीलाई विश्वका अन्य मुलुकको शिक्षा प्रणालीसँग मिल्दोजुल्दो बनाउने र नयाँ नयाँ ज्ञानको विस्तारसँगै विकास भइरहेका पाठ्यक्रमहरूलाई समयमा नै लागु गरेर जनजाति, सीमान्तकृत, पिछडिएका, गरिबीका रेखामुनि रहेका र महिलाहरूको सहभागिता अभिवृद्धि गर्नमा उच्च माध्यमिक शिक्षा परिषद्ले महत्त्वपूर्ण भूमिका खेलेको थियो । देशभरका गाउँ गाउँमा तोकिएका पूर्वाधार सर्तका आधारमा कक्षा ११ र १२ तहका लागि सम्बन्धन प्रदान गर्ने, स्थानीय र अन्तर्राष्ट्रिय परिवेशको समेत अध्ययन गरी नयाँ पाठ्यक्रमको निर्माण र परिमार्जन गर्ने, समयमा नै परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने, उच्च माध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्ने, उच्च माध्यमिक तहका विद्यालयहरूको अनुगमन/निरीक्षण गर्ने, उच्च माध्यमिक

शिक्षकहरूका लागि तालिम प्रदान गर्ने, समकक्षता प्रदान गर्ने, उच्च माध्यमिक शिक्षा सम्बन्धी, नीति, योजना र कार्यक्रमहरू बनाई कार्यान्वयन गर्ने आदि कार्यमा उच्च माध्यमिक शिक्षा परिषद्ले उल्लेख्य उपलब्धि हासिल गरेको थियो । शिक्षा ऐन (२०२८) को आठौं संशोधनपश्चात् राष्ट्रिय परीक्षा बोर्डका रूपमा काम कारबाही थालेपछि पनि परीक्षा सम्बन्धी कार्यहरूलाई अगाडि बढाउँदै लगेको छ ।

- तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्बाट २०५० सालदेखि २०७३ साल असार १४ गतेसम्म (शिक्षा ऐनको २०२८ संशोधन हुनुपूर्व) विद्यालयहरूलाई कक्षा ११ र १२ सञ्चालन गर्न २७०५ सामुदायिक विद्यालयहरू, ७१७ निजी विद्यालयहरू, क्याम्पसतर्फ १३६ र ०+२ तर्फ १५८ गरी कुल ३७१६ ले सम्बन्धन पाई पठनपाठन गराएका छन् ।

- शैक्षिक सत्र २०५५/५६ देखि विशिष्टीकरण विषयहरूमा भन्दा साधारण शिक्षासँग सम्बन्धित आधारभूत विषयहरूमा जोड दिएर निर्माण गरिएको एकलपथ प्रणाली (Single Track System) उन्मुख पाठ्यक्रमहरूको निर्माण एवम् कार्यान्वयन गरिएको थियो ।

- तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले विभिन्न विषयगत शिक्षकहरूलाई ITST, TOT र प्राचार्यहरूका लागि Leader ship Training का माध्यमबाट करिब १५००० शिक्षकहरूलाई तालिम प्रदान गरिएको थियो ।

- आर्थिक तथा सामाजिक दृष्टिले विपन्न, उत्पिडित, दलित, अपाङ्ग, जनजाति, प्रतिभाशाली, सहिदका छोराछोरी, द्वन्दपीडित, हिमाली एवम् दुर्गम क्षेत्रका करिब १,२५,००० विद्यार्थीहरूलाई उच्च माध्यमिक तहको शिक्षा हासिल गराउन विभिन्न प्रकारका छात्रवृद्धि प्रदान गरिएको थियो ।

- महिला प्राचार्य एवम् ५० प्रतिशत वा सोभन्दा बढी महिला शिक्षक भएमा थप आर्थिक अनुदान (एक शिक्षक तलब अनुदान) दिने व्यवस्था मिलाइएको थियो ।

- विभिन्न सामुदायिक विद्यालयहरूलाई नमुना उ.मा.वि. सञ्चालनका लागि अनुदान, विद्यालयलाई अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि सहयोग, उत्कृष्ट सामुदायिक विद्यालयहरूलाई पुरस्कार, पुस्तकालय विकासमा सहयोग तथा विज्ञान शिक्षा सहयोग कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

- विभिन्न विदेशी बोर्डबाट कक्षा ११, १२ उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि समकक्षता प्रदान गरी उच्च शिक्षा अध्ययन गर्ने अवसर प्रदान गरिएको थियो ।

- शैक्षिक - प्राज्ञिक नेतृत्वका आधारमा विभिन्न विषय समितिहरू गठन गरी कक्षा ११ र १२ का विभिन्न १२४ विषयहरू र प्राविधिक धारतर्फका २४ विषयहरूसमेत गरी करिब १४८ विषयका पाठ्यक्रम निर्माण गरिएको थियो ।

- शिक्षणमा प्रभावकारिता बढाउने उद्देश्यले कक्षा ११ र १२ का करिब ५५ विषयका Teaching Mannual र अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकसमेत निर्माण गरी लागु गरिएको थियो ।
- हालसम्म करिब ३३,९३,९६८ विद्यार्थीहरू कक्षा ११ र १२ तहको अध्ययनबाट लाभान्वित भइसकेका छन् ।
- शैक्षिक जनशक्ति विकास केन्द्रबाट १० महिने शिक्षक सेवा तालिम लिएका करिब २१,३३८ शिक्षकहरूले विशेष पाठ्यक्रमअन्तर्गतको अध्ययनबाट लाभान्वित भएका छन् ।
- CTEVT बाट स्वास्थ्य विज्ञानमा ३ वर्षे डिप्लोमा कोर्स उत्तीर्ण गरेका करिब २,२६६ विद्यार्थीहरू कक्षा १२ को समकक्षताका लागि पूर्वावश्यक (Pre-requisite) कोर्सबाट लाभान्वित भएका छन् ।

## विद्यमान चुनौती र अवसर

हाल कक्षा ११ र १२ सञ्चालनका लागि अनुमति दिने, पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने कार्य राष्ट्रिय परीक्षा बोर्डले नगर्ने हुँदा विद्यालयमा विषयगत शिक्षक, स्थायी शिक्षकको व्यवस्थापन, विद्यालयगत रूपमा अध्यापनमा हुने एकरूपता, अतिरिक्त क्रियाकलाप, शिक्षकहरूलाई प्रशिक्षण, तालिम, कक्षाकोठा व्यवस्थापनमा खानेपानी, शौचालय (छात्र, छात्राका लागि) विद्यालयको यथेष्ट क्षेत्रफल, पुस्तकालय, प्रयोगशाला र प्रयोग सामग्रीका साथै आर्थिक रूपमा विद्यार्थी भर्ना र मासिक शुल्कमा एकरूपता कायम, शिक्षकको पारिश्रमिकको सुनिश्चितता, आर्थिक स्रोतको समानुपातिक परिचालन, शैक्षिक स्तर उकास्ने क्रियाकलाप, शैक्षिक सामग्रीको उपलब्धताका लागि गरिने व्यवस्थापन, स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुसार व्यावहारिक र वैज्ञानिक पाठ्यक्रम निर्माण, कार्यान्वयन र पुनरावलोकन जस्ता कुराहरूमा हाल जिम्मेवार प्राप्त अन्य निकायले वस्तुपरक ढङ्गले अनुगमन र निरीक्षण गरी सम्बोधन गर्नुपर्ने अवस्था देखिन्छ । राष्ट्रिय परीक्षा बोर्डको जिम्मेवारी मुख्यत् परीक्षा सञ्चालन, नतिजा प्रकाशन र विश्लेषणका कार्यहरू भएकाले उक्त कार्यहरूको सम्पादन प्रभावकारी रूपमा गर्न निम्न चुनौतीको सम्बोधन जरुरी छ ।

- शिक्षा ऐन २०२८ को (आठौँ संशोधन) सँगै कक्षा दसको क्षेत्रीय स्तरमा र माध्यमिक तहको अन्त्यमा हुने परीक्षालाई कसरी मर्यादित गुणस्तरीय रूपमा व्यवस्थापन गर्ने भन्ने सन्दर्भमा हाल छुट्टा छुट्टै रूपमा सञ्चालनमा रहिरहेका परीक्षा नियन्त्रण कार्यालय (१०) र परीक्षा नियन्त्रण कार्यालय (११ र १२) को समायोजन
- तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् हुँदा परिषद्का जिल्ला स्थित कार्यालयका रूपमा रहेका ११ ओटा कार्यालयहरू क्रमश: विराटनगर, सिराहा, जनकपुर हेटौँडा, काठमाडौँ, पोखरा, बुटवल, दाङ, कोहलपुर, धनगढी, डडेलधुराको प्रान्तीय शाखा कार्यालयको रूपमा समायोजन

- तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् रहँदादेखि नै समस्याका रूपमा रहेको अस्थायी, मासिक ज्यालादारी, करारका कर्मचारीहरूको उचित व्यवस्थापन र भइरहेका स्थायी कर्मचारीहरूको वृद्धि विकासका अवसरहरूको निर्माण साथै बोर्डको कार्य प्रकृतिअनुसार योग्य कर्मचारीहरूका भर्ना तथा छनोट व्यवस्थापन

- दिनानुदिन कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूको बढ्दै गएको चापसँगै बोर्डबाट सञ्चालित परीक्षाहरूलाई थप मर्यादित र गुणस्तरीय रूपमा परीक्षा सञ्चालन र त्यसको नतिजा प्रकाशन समयमै गर्न व्यवस्थापकीय प्रबन्ध

- परीक्षा सञ्चालनपूर्व आइपर्ने समस्याहरू जस्तै : रजिष्ट्रेसन फाराम समयमा नभर्ने, परीक्षा रजिष्ट्रेसन र परीक्षा फाराम भर्दा हुने गल्तीहरू, नाम, थर, जन्ममिति फरक पर्ने, विदेशी बोर्डबाट उत्तीर्ण विद्यार्थीको स्तर निर्धारण प्रमाणपत्र आदिको सम्बोधन

- परीक्षा सञ्चालनका क्रममा देखा पर्ने समस्याहरू जस्तै : परीक्षा केन्द्र व्यवस्थित रूपमा सञ्चालन हुन नसक्ने, अनधिकृत परीक्षार्थीले परीक्षा दिनेसक्ने सम्भावना, परीक्षा केन्द्रको भौतिक क्षमता, प्रश्नपत्र बाहिरिने, परीक्षा अमर्यादित रूपमा सञ्चालन हुने, चिट चोर्ने, परीक्षा हलबाहिर उत्तर लेखाएर समावेश गराउने, विभिन्न अत्याधुनिक उपकरणका माध्यमबाट उत्तर चोराउने प्रवृत्ति, समयमा प्रश्नपत्र नखोल्ने, समयमै उत्तरपुस्तिका प्याकिङ नगर्ने र सुरक्षित निकायमा ढिलो बुझाउने जस्ता समस्याहरूको समाधान

- परीक्षा सञ्चालनका क्रममा आउने समस्या समाधानका लागि सुरक्षा निकाय, बोर्ड र जिल्ला परीक्षा समन्वय समितिसँगको समन्वय

- बोर्डबाट दिएका निर्देशनहरू परीक्षा केन्द्रले पालना नगर्ने, परीक्षा सञ्चालनसँगै बोर्डबाट पठाइएका समस्टिगत फाराम, दैनिक हाजिरी प्रतिवेदन आदि नभराउने/सम्बन्धित निकायमा नबुझाउने समस्याहरूको समाधान

- परीक्षा केन्द्रमा खटाइएका अनुगमन कर्ताले सही रूपमा अनुगमन/निरीक्षण नगर्न सक्ने, समयमा नै प्रतिवेदन नबुझाउने र बुझाइएका प्रतिवेदनअनुसार सम्बन्धित निकायले कार्यान्वयन नगर्न सक्ने पक्षहरूको अध्ययन

- परीक्षाको नतिजा प्रकाशनमा ढिलाइ हुने, परीक्षण/सम्परीक्षकहरूको जिल्लागत र विषयगत रूपमा देशभरबाट नै रोस्टर अद्यावधिक गर्न कठिनाइ हुन सक्ने, परीक्षक र सम्परीक्षकले पूर्ण रूपले पनिकाको निर्देशनको पालना नगर्ने, व्यवस्थित रूपमा उत्तरपुस्तिका परीक्षण केन्द्र सञ्चालन, उत्तरपुस्तिका परीक्षण/सम्परीक्षणमा एकरूपता कायम

- आर्थिक साधन स्रोतको उपलब्धता र उपयुक्त किसिमले प्रयोग गर्ने पद्धतिको विकास गर्दै सिकाइ उपलब्धिमा सुधार उन्मुख कार्यक्रमको सञ्चालन
- कक्षा ११ को परीक्षाको व्यवस्थापन, बोर्ड परीक्षाबाट ११ को परीक्षालाई हटाउँदा यसको गुणस्तरमा पर्ने असर, कक्षा ११ पछि माथिल्लो तह अध्ययन गर्न नसक्ने विद्यार्थीलाई Job market मा कसरी लैजाने भन्ने विषयको अध्ययन अनुसन्धान
- तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् रहँदा उ.मा.वि. तहको सञ्चालन गर्न अनुमति दिने कार्य, पाठ्यक्रम निर्माण र परीक्षा लिने कार्य एउटै निकायबाट हुँदै आएकामा अबका दिनमा फरक फरक निकायबाट यी कार्यहरू गर्नुपर्ने अवस्थामा कार्य सम्पादनमा उचित समन्वय र एकरूपता कायम
- अहिलेको युगमा उपयोगिताको सिद्धान्तअनुसार विद्यार्थीको रुचिअनुसारका पाठ्यक्रम तयार गरी तिनीहरूको सही परीक्षण गर्न लागु भइरहेको grading system लाई थप वैज्ञानिक बनाउँदै Single subject certification का कुराहरूलाई समेत सम्बोधन गर्ने कुराहरूमा थप अध्ययन अनुसन्धान

हाल राज्यले अधिकार गरेको सङ्घात्मक शासन व्यवस्थामा थुप्रै चुनौतीहरूका बाबजुद राष्ट्रिय परीक्षा बोर्डले पनि आफ्ना काम कारबाहीलाई सोहीअनुरूप अगाडि बढाउन केही अवसरसमेत प्राप्त भएको देखिन्छ । केन्द्रीय निकायमा रहेका कार्यलाई प्रान्तीय र आवश्यकताअनुसार विभिन्न शाखा कार्यालयहरूमा समेत अधिकारको बाँडफाड गर्ने, सक्षम, योग्य कर्मचारीहरूको छनोट गर्ने, सेवा प्रवाह, क्षेत्र विस्तार गर्ने कार्यलाई थप अवसरका रूपमा उपभोग गर्न सक्ने संयन्त्रको विकास गर्न जरुरी छ । राष्ट्रिय परीक्षा बोर्डका काम कारबाहीहरूमा आम नागरिकलाई पहुँच दिलाउन प्रान्तीय तहमा स्थानीय आवश्यकताअनुसार फरक फरक परीक्षा प्रणाली अवलम्बन गर्ने र केन्द्रीय तहबाट सही नियमन गर्न सक्ने संयन्त्रको विकास गर्ने अवसर प्राप्त हुने देखिन्छ । परीक्षा र मूल्याङ्कन प्रक्रियामा थप अनुसन्धानात्मक क्षमताको वृद्धि गर्ने, राष्ट्रिय एवम् स्थानीय विशेषज्ञताको विकास गर्ने कार्यहरूमा भूमिका प्राप्त हुने देखिन्छ । राष्ट्रिय परीक्षा बोर्डले केन्द्रीय, प्रान्तीय र शाखा कार्यालयबिच उचित समन्वय, रेखदेख, नियन्त्रणका निमित्त नयाँ प्रविधिको विकास, स्थानीय तहमा योग्य सक्षम जनशक्ति विकास, प्राज्ञिक व्यक्तिहरूको परामर्श, स्थानीय स्रोत साधनको सङ्कलन र उचित प्रबन्ध मिलाउन पाउने अवसरसमेत प्राप्त हुने देखिन्छ ।

## अबको बाटो

हिजो उच्च माध्यमिक शिक्षा परिषद् हुँदा र हाल राष्ट्रिय परीक्षा बोर्ड गठन भएपश्चात् पनि परीक्षा सम्बन्धी हुने समस्याका प्रकृति एउटै रहेका छन् । परीक्षा प्रणालीलाई मर्यादित र व्यवस्थित बनाउन सम्बन्धित सबै पक्षले उत्तिकै सशक्त किसिमले चासो लिन जरुरी देखिन्छ । नेपाल एकात्मक शासन प्रणालीबाट सङ्घीयतातर्फ रूपान्तरण भएको अवस्थामा थप व्यवस्थित, आम नागरिकका निमित्त पहुँचयोग्य किसिमले

सहज रूपमा परीक्षाको व्यवस्थापन गर्न जरुरी छ । केन्द्रीय र प्रान्तीय परीक्षा बोर्डहरूलाई कस्तो र कसरी समन्वयात्मक सम्बन्ध कायम गराउने, परीक्षालाई कसरी थप गुणस्तरीय, मर्यादित र विश्वसनीय रूपमा सञ्चालन गर्ने जस्ता कुराहरूमा विशेषत ध्यान दिनुपर्ने हुन्छ ।

दैनिक रूपमा परीक्षामा आइपर्ने समस्या र चुनौतीहरूका बाबजुद राष्ट्रिय परीक्षा बोर्डले समयसापेक्ष र गुणस्तरीय मूल्याङ्कन पद्धतिलाई प्रयोग र व्यवस्थापन गर्न सक्नुपर्दछ । विशेषत: अबका दिनहरूमा राष्ट्रिय परीक्षा बोर्डले निम्न कुराहरूमा ध्यान दिनुपर्ने देखिन्छ ।

## (क) नीतिगत सुधार

राष्ट्रिय परीक्षा बोर्डले परीक्षा प्रणालीमा सुधार गर्ने कुरालाई नै प्राथमकिताका साथ लागु गर्नुपर्ने भएको हुँदा परीक्षा सञ्चालनका क्रममा सम्बन्धित निकायसँग थप समन्वय र सहयोग लिनुपर्ने देखिन्छ । प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण जस्ता कार्यमा प्राज्ञिक तथा विशेषज्ञ व्यक्तिहरूको संलग्नता र जिम्मेवारी बढाउनुपर्ने देखिन्छ । परीक्षा व्यवस्थापनलाई नयाँ प्रविधिमैत्री रूपमा सञ्चालन गर्ने, समयमै स्तरीय र विश्वसनीय ढङ्गबाट नतिजा प्रकाशन गर्ने कार्यमा उन्मुख हुनुपर्दछ । समयमै प्रान्तीय कार्यालयको स्थापना र सक्षम, योग्य कर्मचारीहरूको भर्ना गरी परीक्षाका कार्यहरूलाई व्यवस्थित रूपमा सबै तहका सेवाग्राही समक्ष पहुँच योग्य बनाउन जरुरी छ । राष्ट्रिय परीक्षा बोर्डले परीक्षाको राष्ट्रिय नीति बनाउने, National Evaluation Standard बनाई सोही आधारमा प्रान्तीय परीक्षा सञ्चालनका लागि मार्गदर्शन बनाउने र परीक्षाको वैधता, विश्वसनीयता कायम गर्ने कुराहरू प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

## (ख) प्रणालीगत सुधार

परीक्षा सञ्चालनको वातावरण, समय, निर्देशन, बसाइ व्यवस्था, भौतिक साधनको पर्याप्तता, सुरक्षाको प्रत्याभूति, होहल्ला नियन्त्रण, चोरीको रोकथाम आदि जस्ता पक्षहरूले परीक्षाको परिणामलाई घटाउने र बढाउने हुँदा स्तरीय र प्रामाणिक परीक्षाफल प्राप्त गर्न परीक्षा सञ्चालनका क्रममा विशेष ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । स्तरीय प्रश्नपत्र निर्माण, मूल्याङ्कन स्किम (मार्किङ स्किम), उत्तरपुस्तिका परीक्षणमा सुधार जस्ता कुराहरूले विद्यार्थीहरूको वास्तविक क्षमताको मूल्याङ्कन गर्ने हुँदा थप वैज्ञानिक किसिमले परीक्षाका परम्परागत प्रणालीहरूमा सुधार गर्नुपर्ने देखिन्छ । परीक्षाका बेला हुन सक्ने सम्भावित जोखिमहरूको समाधानका लागि सावधान रहने, विशेष परिस्थितिको लागि सर्तकता (परीक्षाको माध्यम, सामग्री र परीक्षार्थीको स्वास्थ्य सम्बन्धी) र परीक्षा सञ्चालन सम्बन्धी निर्माण भएका नियम, कानुन निर्देशिकाहरूले सबै सम्भावित परिस्थितिलाई समेट्न नसक्ने हुँदा विशेष परिस्थितिमा लचकता अपनाउन सक्ने गरी सम्बन्धित निकायहरूलाई योग्य र सक्षम बनाउन विशेष खालका प्रभावकारी कार्यक्रम आयोजना गर्नुपर्ने हुन सक्छ । परीक्षा सञ्चालनमा अशक्त, अपाङ्गलगायत सबै पक्षलाई समावेशी हुने

गरी उपयुक्त किसिमले व्यवस्थित, खोजिएको उपलब्धि मापन गर्न सक्ने र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि समेत परीक्षामैत्री बनाउन परीक्षा केन्द्रको उचित व्यवस्थापन गर्न विशेष पहल गर्नुपर्दछ । प्रश्नपत्र निर्माण र परिमार्जन, मूल्याङ्कन स्किम (मार्किङ स्किम) र उत्तरपुस्तिका परीक्षण सम्परीक्षण कार्यमा योग्य र सक्षम व्यक्तिको छनोट गरी रोस्टर तयार गर्नुपर्दछ । समय समयमा कार्य सम्पादनका आधारमा रोस्टरमा रहेका शिक्षकहरूलाई परिवर्तन, परिमार्जन र थप सुधार गर्दै लैजानु पर्दछ । सैद्धान्तिक परीक्षाका अतिरिक्त प्रयोगात्मक परीक्षालाई बढीभन्दा बढी प्रयोग योग्य, व्यावहारिक, वस्तुनिष्ठ र विश्वसनीय बनाउन विशेष पहल गर्नुपर्दछ । कक्षा ११ को परीक्षा सञ्चालन गर्नका लागि विद्यालय तहलाई सक्षम बनाउन विशेष व्यवस्थापन गर्नुपर्ने हुन सक्छ । पाठ्यपुस्तकमा भएका सूचनाहरू, तथ्यहरूलाई केवल कण्ठ गरेर घोक्ने र परीक्षामा हुबुहु लेख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै विद्यार्थीहरूलाई नयाँ र सिर्जनात्मक किसिमले सोच्ने, नवीनतम कुराहरू पत्ता लगाउने, कल्पना, तर्क गर्न सक्ने र आफ्ना विचारहरू राख्न प्रोत्साहित गर्ने किसिमले मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्न सक्नुपर्दछ ।

### (ग) संस्थागत सुधार

परीक्षा प्रणालीलाई व्यवस्थित र गुणस्तरीय बनाउन आर्थिक स्रोत साधनको प्रर्याप्तता र उचित व्यवस्थापनका लागि विशेष पहल गर्न जरुरी छ । परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) र कक्षा १२ लाई समायोजन गरी एकीकृत रूपमा व्यवस्थापन गर्दै लैजानुपर्दछ । बोर्डमा रहेका अस्थायी, ज्यालादारी, करार कर्मचारीहरूको तत्काले उचित व्यवस्थापन गर्ने र कार्यरत स्थायी कर्मचारीहरूको लागि वृत्ति विकासको अवसर, उचित तालिम प्रदान गर्ने साथै बोर्डको आवश्यकताअनुसार समायोजन हुन नसक्ने कर्मचारीका लागि गोल्डेन ह्यान्डचेकको व्यवस्था गरी सेवा निवृत्त गराई आवश्यकताअनुसार योग्य, सक्षम नवप्रवेशी कर्मचारीहरूको भर्ना र छनोटको अवसर प्रदान गर्नुपर्दछ ।

राष्ट्रिय परीक्षा बोर्डको केन्द्रीय तह र प्रान्तीय/शाखा कार्यालयहरूको स्थापना साथै आवश्यक पूर्वाधारहरूको व्यवस्थापन गर्न जरुरी छ । बोर्डले आफूले गर्ने सेवा प्रवाहको लागि सम्बन्धित निकायहरूसँग कायम गर्नुपर्ने सम्बन्ध र उपलब्ध गर्ने सहयोगका बारेमा प्रस्ट हुनुपर्दछ । बोर्डका प्रान्तीय कार्यालय स्थापना र ती कार्यालयहरूमा सक्षम योग्य कर्मचारीको छनोट गरी आवश्यक अधिकार, जिम्मेवारी प्रदान गर्दै परीक्षा सम्बन्धी कार्यहरूलाई विकेन्द्रीकरण गर्दै लैजानुपर्दछ ।

### (घ) व्यवस्थापकीय सुधार

राष्ट्रिय परीक्षा बोर्डमा रहेका मानवीय स्रोतसाधनको दक्षता विकास, शिक्षाका क्षेत्रमा क्रियाशील अन्य निकायहरूसँग समन्वय, नेतृत्व विकास, सञ्चार जस्ता पक्षहरूमा ध्यान दिई परीक्षा प्रणालीलाई व्यवस्थित र गुणस्तरीय बनाउन अग्रसर हुनुपर्दछ । पाठ्यक्रम, शिक्षण र परीक्षणको व्यवस्थित र वैज्ञानिक किसिमले उपयोग भएमा मात्र सही उपलब्धि मापन हुने हुँदा यी तिन ओटै कार्य गर्ने निकायबिच एक

आपसमा सकारात्मक सम्बन्ध बढाउन जरुरी देखिन्छ । विद्यालय तहमा अध्यापनरत शिक्षकहरूलाई विद्यार्थीमैत्री वातावरणमा पढाउन क्रियाशील गराउने, दलीय राजनीतिमा क्रियाशील हुन नदिने, शिक्षक एवम् कर्मचारीहरूलाई ट्रेडयुनियनका नाममा दलिय भातृ सङ्गठनकै पक्षपोषण गर्ने परिपाटीको अन्त्य गर्ने, योग्यता र विज्ञताको कदर गर्ने प्रवृत्तिको विकास गराउन पहल गर्न सक्नुपर्छ । परीक्षा प्रणाली सम्बन्धी अन्य राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय निकायहरूको अध्ययन अनुसन्धान गरी थप वैज्ञानिक पद्धतिहरूको विकास गर्दै लैजानु पर्दछ । नवीनतम परीक्षा प्रणाली र मूल्याङ्कन पद्धतिका बारेमा संवेदनशील भएर समय समयमा विभिन्न प्रतिनिधिमूलक संस्था, विज्ञ, सरोकारवाला, राजनीतिक पार्टीहरू र विद्यार्थी सङ्घ/सङ्गठनहरूसँग समेत परामर्श, अन्तरक्रिया गर्नुपर्दछ । परीक्षा प्रणाली र मूल्याङ्कन पद्धतिका बारेमा आवश्यक परामर्श र विशेषज्ञता आवश्यक परेको अवस्थामा बोर्डमा एउटा प्राज्ञिक समूह समिति (Academic Council) समेत राख्न आवश्यक देखिन्छ ।

## निष्कर्ष

परीक्षाको वैधता र विश्वसनीयता परीक्षा सञ्चालनकै क्रमबाट सुरु हुने गर्दछ । प्रमाणिक परीक्षालाई व्यवस्थित बनाउन र परीक्षाका उद्देश्य प्राप्तिका लागि परीक्षा सञ्चालनका विधिहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् । परीक्षा सञ्चालन गर्नुअघि, सञ्चालनका क्रममा र परीक्षा सञ्चालनपश्चात् गरिने सम्पूर्ण कार्यहरूको समष्टिगत रूप नै परीक्षा सञ्चालन हो । परीक्षार्थीहरूको परिणाममा परीक्षा सञ्चालनको प्रत्यक्ष प्रभाव परेको हुन्छ । परीक्षा मूल्याङ्कनको एक प्रमुख साधन पनि हो । परीक्षालाई वैज्ञानिक, भरपर्दो र सबैले स्वीकार्य बनाउन परीक्षा सञ्चालनलाई पारदर्शी, व्यवस्थित र सहभागी केन्द्रित बनाइनु पर्दछ । परीक्षा सञ्चालन जटिल प्रक्रियागत विषय भएकाले पनि यसको व्यवस्थापनमा बढी गम्भीर बन्न राष्ट्रिय परीक्षा बोर्डले विशेष पहल गर्नुपर्दछ । यसले सञ्चालन गर्ने माध्यमिक तहको परीक्षाबाट मूल्याङ्कन गरिएका विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनको अवसर बढाउने, जीवनोपयोगी र रोजगारीसँग आवद्ध गर्ने किसिमले सहयोग पुऱ्याउन सक्नुपर्दछ ।

हिजो उच्च माध्यमिक शिक्षा परिषद् रहँदा र हाल राष्ट्रिय परीक्षा बोर्ड गठन भएपश्चात् पनि परीक्षा सञ्चालनका लागि सर्वस्वीकार्य पद्धतिको विकास भई नसके तापनि परीक्षाको परिणामलाई बढी यथार्थमुखी र विश्वसनीय बनाउन परीक्षा सञ्चालनमा विशेष सावधानी र सतर्कता अपनाउनुपर्दछ भन्ने कुरामा दुईमत छैन । परीक्षा सञ्चालनमा भौतिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय अनि मनोवैज्ञानिक पक्षहरूको प्रभाव पर्ने हुँदा यी सम्पूर्ण पक्षहरूको उचित व्यवस्थापन गर्न राष्ट्रिय परीक्षा बोर्डले विशेष ध्यान दिनुपर्दछ । असल र सावधानीपूर्वक परीक्षा सञ्चालन गरेर परीक्षणको वैद्यता, विश्वसनीयता तथा सर्वस्वीकार्य परिणाम प्राप्तिमा सदैव बोर्डले आफ्नो भूमिकालाई अद्यावधिक गर्दै लैजानुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू


शिक्षा ऐन २०२८ (आठौँ संशोधन) मकालु प्रकाशन गृह, डिल्लीबजार, काठमाडौँ ।

उच्च माध्यमिक शिक्षा ऐन २०४६, उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर ।

उच्च माध्यमिक शिक्षा नियमावली २०५२, उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर ।

नेपाल, जनार्दन २०४८, प्रवेशिका परीक्षामा बहुसङ्ख्यक विद्यार्थीहरू असफल हुने कारण : एक विश्लेषण, काठमाडौँ, चन्द्रावती नेपाल ।

नेपाल, जनार्दन २०६४ नेपालको शिक्षा प्रणाली : चुनौती र सम्भावना, मकालु प्रकाशन गृह, डिल्लीबजार, काठमाडौँ ।

पाण्डे, डा. निर्मलप्रसाद २०५५, उच्च माध्यमिक शिक्षा कार्यदल २०५५, उ.मा.शि.प. सानोठिमी, भक्तपुर ।

लालकर्ण, कमलप्रसाद २०६२, उच्च माध्यमिक शिक्षाको अवधारणा र वर्तमान स्थिति, प्रतिवेदन, उ.शि.प.

Bhandari, man bahadur, 2016, Educational Challenge in Nepal, Makalu publication house, Kathmandu.

Khaniya, Tirtha raj, 1990 A Doctoral (Phd) Thesis on Examination as Instrument for Educational Change: Investigating the washback effect of Napalese: English Examining Edinburgh, Edinburgh University Department of Applied linguistic.